annapurnapost.com


# अन्नपूर्ण पोस्ट


वर्ष २४, अंक ४० पृष्ठ ८ | काठमाडौं, आइतबार २५ जेठ २०८२ | जेष्ठ शुक्लपक्ष द्वादशी नेपाल संवत् ११४५ | SUNDAY, JUNE 8, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# किशोर-किशोरी घट्दै, युवा बढ्दै

देश निर्माणको मुख्य जनशक्ति हो- युवा। तर, बिडम्बना यो वर्ग निरन्तर बिदेसिइरहेको छ। राष्ट्रिय तथ्यांक कार्यालयको पछिल्लो प्रतिवेदनअनुसार पनि कुल युवामध्ये झन्डै आधाजसो युवा बिदेसिएका छन्। अझ चिन्ताको कुरा त, १० देखि १९ वर्षसम्मका किशोर-किशोरी पनि बिदेसिने क्रम बढ्दै गएको छ। यही अवस्था रहिरहे कुनै दिन देश युवाविहीन नहोला भन्न सकिन्न। त्यसैले सरकारी तथ्यांककै आधारमा पनि युवा र किशोर-किशोरीलाई स्वदेशमै राख्ने र देश विकासमा सहभागिता गराउनेतिर सरकार र राजनीतिक दलहरूको ध्यान बेलैमा जानुपर्ने जरुरी छ।



समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*
- को रिपोर्ट

## युक्रेनको दोस्रो ठूलो सहर खार्किभमा रूसको ड्रोन आक्रमण, ३ को मृत्यु



**खार्किभ** (एजेन्सी) : रूसले युक्रेनको दोस्रो ठूलो सहर खार्किभमा अहिलेसम्मकै ठूलो ड्रोन आक्रमण गरेको छ। जसमा कम्तीमा तीन जनाको मृत्यु भएको छ। २१ जना घाइते भएको मेयर इहोर टेरेखोभले जानकारी दिएका छन्।

शुक्रबार राति गरिएको यो आक्रमणलाई उनले 'खुला आतंक' को संज्ञा दिएका छन्। रूसले ४८ वटा ड्रोन, दुई मिसाइल र चारवटा ग्लाइड बम खार्किभमा प्रहार गरेको थियो।

यसअघि बिहीबार राति पनि युक्रेनभरि विशाल ड्रोन र मिसाइल आक्रमण भएको थियो। रूसले ती आक्रमणलाई युक्रेनी सेनाले आइतबार रूसी वायुसेनाका चार ठूला हवाई बेसमाथि गरेको ड्रोन आक्रमणको जवाफको रूपमा व्याख्या गरेको छ।

शुक्रबार रातिको आक्रमणमा खार्किभका १८ वटा अपार्टमेन्ट भवन र १३ वटा अन्य घरहरूमा क्षति पुगेको छ। घाइतेमा एक साना बालक र १४ वर्षीया बालिका पनि छन्।खार्किभ बाहेक युक्रेनको दक्षिणी सहर खेरसोनमा गरिएको रूसी आक्रमणमा थप दुई जनाको मृत्यु भएको छ। युक्रेनी विदेशमन्त्री आन्द्रेई सिबिहाले यस्ता आक्रमणलाई मध्यनजर गर्दै आफ्ना मित्रराष्ट्रहरूलाई रूसमाथि थप दबाब दिन र युक्रेनलाई अझ मजबुत बनाउन आग्रह गरेका छन्। बिहीबार रातिको आक्रमणमा ६ जनाको ज्यान गएको र ८० भन्दा बढी घाइते भएको थिए। रूसले ४०० भन्दा बढी ड्रोन र लगभग ४० वटा मिसाइल प्रयोग गरेको थियो।

राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले यो आक्रमणलाई 'सहरहरू र सामान्य जनजीवन माथिको ठूलो प्रहार' भनेका छन्। राजधानी किभदेखि लिएर चेरनिहिभ, लुत्स्क र टर्नोपिलसम्म आक्रमण गरिएको छ। रूसले ती क्षेत्रमा सैन्य ठेगाना लक्षित गरिएको दाबी गरेको छ।

» बाँकी पृष्ठ ६

# अमेरिकामा गोली लागी एकै परिवारका ४ नेपालीको मृत्यु

**सुरज भण्डारी** | *अमेरिका*

अमेरिकाको भर्जिनिया राज्यको मनासास पार्क सहरमा रहेको एक घरमा एक नेपाली परिवारका चार जना मृत अवस्थामा फेला परेका छन्। उनीहरूको गोली लागी मृत्यु भएको स्थानीय प्रहरीले जनाएको छ।

मृत्यु हुनेहरूमा ३८ वर्षीय सन्तोष परियार, ३६ वर्षीया अञ्जु श्रेष्ठ र एक ८ वर्षीया बालिका र अर्का २ वर्षीय बालक रहेको मनासास पार्क प्रहरीले जारी गरेको सूचनामा जनाइएको छ। बालबालिकाको नाम भने प्रहरीले सार्वजनिक गरेको छैन।

मनासास पार्कमा रहेको सो घटना भएको घर नेपालीकै रहेको र मृतकको परिवार भाडामा बस्दै आएको बताइएको छ। घरधनीले प्रहरीलाई सम्पर्क गरेपछि प्रहरी आएर घटनास्थल प्रवेश गर्दा चार जनाको शव फेला पारेको हो।

बिहीबार राति करिब १० बजेर ४० मिनेट जाँदा प्रहरी घटनास्थल पुगेको थियो। प्रहरीले उक्त घटनाको अनुसन्धान अगाडि बढाएको र शवलाई पोस्टमाटमका लागि मनसास अस्पताल लगिएको उल्लेख गरेको छ। हत्या या आत्महत्या के भन्ने यकिन भइनसकेको र अनुसन्धानपश्चात् घटना के कसरी भएको हो भन्ने पत्ता लाग्ने प्रहरीलाई उद्दृत गर्दै स्थानीय अमेरिकी सञ्चारमाध्यमहरूले जनाएका छन्। प्रहरीले जारी गरेको प्रारम्भिक अवस्था प्रतिवेदनमा चारै जनाको मृत्यु गोली लागेर मृत्यु भएको र घटनास्थलबाट एकथान बन्दुक बरामद गरिएको उल्लेख गरिएको छ।

सो परिवार सो स्थानमा ६ महिनाअघि आएको बताइएको छ। मृतक बालिका स्थानीय मनासास पार्क प्राथमिक विद्यालयमा अध्ययनरत रहेको सो विद्यालयले जानकारी गराएको छ।


चार नेपालीको मृत्यु भएको घर।

AMN EV RALLY 2025

## हज यात्राका क्रममा कम्तीमा १३ इरानीको मृत्यु

**तेहरान** (एजेन्सी): साउदी अरबका पवित्र सहरहरूमा बढ्दो तापक्रमका बीच हज यात्राका क्रममा कम्तीमा १३ जना इरानी नागरिकको मृत्यु भएको इरानी सरकारी सञ्चारमाध्यमले शनिबार जानकारी दिएका छन्।

इरानी रेड क्रिसेन्ट सोसाइटीको स्वास्थ्य तथा उपचार सञ्चालन एकाइले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सन् २०२५ को हज यात्राका क्रममा शुक्रबार (जुन ६) सम्म मृत्यु भएका इरानी हज यात्रीको कुल संख्या १३ पुगेको छ। हालैका दिनहरूमा साउदी अरबका पवित्र सहरहरूमा तापक्रम ४७ डिग्री सेल्सियस र सोभन्दा माथि पुगेको छ, जसले गर्दा हज यात्रीहरूले व्यापक गर्मीको सामना गर्नुपरेको छ,' इरनाले भनेको छ।

इर्नाका अनुसार यो वर्ष ८६ हजार ७ सय इरानी तीर्थयात्राका लागि साउदी अरब गएका छन्। गत वर्ष साउदी अरबको हज यात्रामा ५१.८ डिग्री सेल्सियस (१२५ डिग्री फरेनहाइट) तापक्रम मापन गरिएको थियो भने यात्राका क्रममा २२ इरानीसहित १ हजार ३ सयभन्दा बढीको मृत्यु भएको थियो।

# ब्राउन सुगरको संगठित कारोबार, ९ युवा पक्राउ

**रत्नप्रसाद आचार्य** | *धरान*

सुनसरीमा संगठित रूपमा प्रतिबन्धित लागुऔषध ब्राउन सुगर (खैरो हिरोइन) को कारोबार हुने गरेको पाइएको छ। नेपाल-भारत खुला सीमानाका कारण सुनसरीमा लागुऔषध कारोबार गर्ने समूह सक्रिय हुन थालेका छन्।

लागुऔषध नियन्त्रणमा अभियान सञ्चालन गरेको सुनसरी प्रहरीले शुक्रबार राति ९ जना लागुऔषध कारोबारीहरूलाई पक्राउ गरेको छ। कोशी गाउँपालिका-१ लौकहीबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगरसहित ९ जनालाई पक्राउ गरिएको सुनसरीका प्रहरी प्रमुख एसपी सुमनकुमार तिम्सिनाले जानकारी दिए।

विशेष सूचनाका आधारमा लागुऔषध नियन्त्रण ब्युरो विराटनगर र इलाका प्रहरी कार्यालय लौकहीबाट संयुक्त रूपमा खटिएको टोलीले उनीहरूलाई ब्राउन सुगरसहित पक्राउ गरिएको उनले बताए। भारतको बिरपुर बजारबाट लागुऔषध ब्राउन सुगर खरिद गरी नेपालतर्फ शंकास्पद रूपमा पैदल तथा स्कुटरमा आउँदै गरेको अवस्थामा उनीहरूलाई चेकजाँच तथा खानतलाशी गर्दा ब्राउन सुगर बरामद गरिएको एसपी तिम्सिनाले बताए।



पक्राउ पर्नेमा इटहरी उपमहानगरपालिका-५ बस्ने ३३ वर्षका अजय चौधरी रहेका छन्। उनको साथबाट लागुऔषध ब्राउन सुगर २.४७ ग्राम बरामद गरिएको छ। कोशी गाउँपालिका-१ बस्ने १८ वर्षका हिमालकुमार मण्डल र वर्ष १८ कै करणकुमार मण्डलको साथबाट लागुऔषध ब्राउन सुगर ३.२४ ग्राम बरामद गरिएको छ। कोशी गाउँपालिका-२ बस्ने २१ वर्षका दयानन्द कुमार यादवको साथबाट लागुऔषध ब्राउन सुगर १.४० ग्राम बरामद गरिएको एसपी तिम्सिनाले बताए। त्यस्तै पक्राउ परेका धरान उपमहानगरपालिका-१७ बस्ने २७ वर्षका विवेक विश्वकर्माको साथबाट लागुऔषध ब्राउन सुगर २.१५ ग्राम बरामद गरिएको छ।

स्कुटरमा भारतबाट नेपालतर्फ आउँदै गरेका धरान-१७ बस्ने १८ बर्षका संगम राई र स्कुटर पछाडि बस्ने धरान-१९ बस्ने सिमसन राईको साथबाट लागुऔषध ब्राउन सुगर २.२३ ग्राम बरामद गरिएको छ।

स्कुटरमै सवार रहेका बराहक्षेत्र नगरपालिका-७ बस्ने २२ वर्षका कौशल कालिकोटेको साथबाट लागुऔषध ब्राउन सुगर ६.५३ ग्राम र सोही स्कुटी पछाडि सवार याकुव राईको साथबाट लागुऔषध ब्राउन सुगर ४.७९ ग्राम बरामद गरिएको एसपी तिम्सिनाले बताएका छन्। पक्राउ परेका सबै जनालाई जिल्ला प्रहरी कार्यालय सुनसरीको हिरासतमा राखेर थप अनुसन्धान गर्ने काम भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीका डीएसपी योगराज खतिवडाले बताए।

लागुऔषधसहित पक्राउ परेकाहरू अदालतको आदेशअनुसार कैद भुक्तान गरेपछि र धरौटीमा छुट्नासाथ पुन लागुऔषध कारोबार र सेवनमा लाग्ने गरेको पाइएको उनले बताए।